**REGIONAL NEWS UNIT**

**BROADCAST: 18:40 hrs** **Date: 24.01.2024**

**यो आकाशवाणी गान्तोक हो।**

**Sikkim's Millet Man-Republic Day**

कृषि विज्ञान केन्द्र मङ्गनले **"सिकिमको मिलेट म्यान"** भनेर चिनिने छिरिङ ग्याछो लेप्चालाई गणतन्त्र दिवस 2025 का अवसरमा राष्ट्रपति भवनमा आयोजित हुने **स्वागत कार्यक्रम**-मा सहभागी हुन चयन गरेको छ। उहाँलाई भारतको राष्ट्रपतिद्वारा दस प्रख्यात कृषिकर्तामध्ये एकका रूपमा मान्यता दिइएको छ। यो सम्मान राज्यका कृषक समुदाय र राज्यका लागि गर्वको कुरा हो। श्री लेप्चा एक प्रगतिशील किसान र समर्पित स्वदेशी बीउ संरक्षक हुन्, उहाँले स्थानीय बीउ प्रजातिहरूको संरक्षणलाई प्रवर्धन गरेर कृषिमा महत्वपूर्ण योगदान पुऱ्याउनुभएको छ। सानो जग्गाधनीबाट राष्ट्रिय मान्यताप्राप्त व्यक्ति बन्नेसम्मको उनको यात्राले समर्पित खेती अभ्यास र संरक्षण प्रयासहरूको महत्त्वलाई जोड दिन्छ। यो प्रतिष्ठित सम्मानले श्री लेप्चाको व्यक्तिगत उपलब्धिलाई मात्र प्रकाश पार्दैन, तर सिक्किमको किसान समुदायका प्रयासहरूको पनि प्रमाण दिँदछ।

**Phurkit Lepcha- Rashtrapati Bhawan**

त्यसैगरी, सिंहिक सेन्तम GPU का पञ्चायत अध्यक्ष सुश्री फुर्कित लेप्चालाई गणतन्त्र दिवस 2025 का अवसरमा राष्ट्रपति भवनमा आयोजित हुने स्वागत कार्यक्रमका लागि चयन गरिएको छ। यो सिक्किमका कृषक समुदाय र राज्यका लागि गर्वको क्षण हो। उहाँले आफूलाई राष्ट्रपतिसामु बोल्न पाउँदा गर्व लागेको बताउँदै, राष्ट्रपतिलाई सम्पूर्ण महिलाहरूको प्रेरणाको स्रोत भन्नुभयो। ...Byte….

**CM-Baudha Sangh**

मुख्यमन्त्री श्री प्रेमसिंह तामाङको मुख्य आतिथ्यमा कालेबुङ जिल्ला अन्तर्गत दलगाउँमा अखिल भारत तामाङ बौद्ध संघको सैँतिसौँ बार्षिक अधिवेशनको दोस्रो दिनको कार्यक्रम आज सम्पन्न भयो। कार्यक्रममा अखिल भारत तामाङ बौद्ध संघ केन्द्रीय समितिका महासचिव नरेन्द्र कुमार मोक्तानले स्वागत सम्बोधन राख्नुभयो र बार्षिक अधिवेशन आयोजनको औचित्यमाथि प्रकाश पार्दै, मुख्यमन्त्री श्री तामाङ, तामाङ जातिका निम्ति विशिष्ट व्यक्तित्व रहेको बताउनुभयो र उहाँको उपस्थितिले कार्यक्रमलाई थप उर्जा मिलेको बताउनुभयो । कार्यक्रममा श्री तामाङलाई समारोह आयोजक समितिको पक्षबाट सम्बर्धना जनाइयो र विभिन्न क्षेत्रमा गरेको उत्कृष्ट योगदानको कदर गर्दै, विभिन्न व्यक्तित्वहरूलाई पनि श्री तामाङको बाहुलीद्वारा सम्बर्धना जनाइयो। कार्यक्रममा सिक्किम, दार्जिलिङ, डुवर्स, नेपाल अनि देशका विभिन्न भागबाट आएका तामाङ समुदायका प्रतिनिधिहरू एवं सांगीतिक टोलीका कलाकारहरू र भारी संख्यामा सर्वसाधरणको उपस्थिति रहेको थियो।

**Singtam Hospital-PMBJK's**

पश्चिम पाण्डमका विधायक एलबी दासले आज सिङ्ताम जिल्ला अस्पतालमा प्रधानमन्त्री भारतीय जनऔषधी केन्द्र, PMBJK-को औपचारिक उद्घाटन गर्नुभयो। यस केन्द्रको स्थापना **प्रधानमन्त्री भारतीय जनऔषधी योजना**-को एक हिस्सा हो। यो पहल मूलतः 2008 मा जन औषधि केन्द्रका रूपमा सुरु गरिएको थियो र 2016 मा PMBJK का रूपमा पुन: ब्रान्ड गरिएको हो। यसको उद्देश्य ब्रान्डेड विकल्पहरूभन्दा 50% देखि 90% सम्म कम मूल्यमा जन औषधि र सर्जिकल उपकरणहरू उपलब्ध गराउनु हो, जसले सबैका लागि, विशेष गरी कम आय भएका परिवारका लागि पहुँच र किफायती सुनिश्चित गर्दछ। श्री दासले स्वास्थ्य सेवा असमानतालाई समाधान गर्न र प्रत्येक नागरिकका लागि किफायती र उच्च गुणस्तरको औषधिको पहुँच सुनिश्चित गर्न यस्ता पहलहरूको महत्त्वलाई जोड दिनुभयो। उहाँले सिङतामममा यो केन्द्र स्थापित गर्नमा सबै सरोकारवालाहरूले दिएको योगदानको प्रशंसा गर्नुभयो।

**RBI-SHGs**

आर.बी.आई गान्तोकले हिजो गेजिङ अरिथाङ चोङराङ जीपीयूका स्वयं सहायता समूह, एस.एच.जी सदस्यहरूका लागि वित्तीय साक्षरता कार्यक्रम सञ्चालन गऱ्यो। कार्यक्रमको उद्देश्य एस.एच.जी प्रमुखहरूमाझ क्षमता निर्माण गर्नमा आर.बी.आईको प्रतिबद्धतालाई जोड दिनु रहेको थियो। कार्यक्रममा आर.बी.आई.का प्रबन्धक श्री सुवास लुयागुनले विभिन्न प्रकारका ठगी र साइबर अपराधहरू, त्यसका कार्यशैली र भर्खरै घटेका मामिलाहरूका उदाहरण प्रस्तुत गर्नुभयो। त्यसैगरी, आरबीआईको सहायक प्रबन्धक रिद्दिक थापाले सहभागीहरूलाई सरकारका विभिन्न सामाजिक सुरक्षा योजनासम्बन्धी जानकारी गराउनुभयो।

**Weather**

स्थानीय मौसम विज्ञान विभागले दिएको रिपोर्टअनुसार बितेको चौबिस घण्टामा गान्तोक र वरपर क्षेत्रका अधिकतम तापमन 13.2 डिग्री सेल्सियस र न्यूनतम तापमन 7.5 डिग्री सेल्सियस रेकर्ड गरियो। विभागले भोलि न्यूनतम तापमान 7 डिग्री सेल्सियस र अधिकतम तापमान 13 डिग्री सेल्यिस रहने पूर्वानुमान गरेको छ।